नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौ
(योजना तथा अनुगमन शाखा)

प.सं.: ०७५।७६
च.नं ३५१

मिति : २०७५।०९।२४

विषय : आवश्यक समन्वय सम्बन्धमा ।

श्री स्थानीय तह, सबै
(संलग्न लिष्ट अनुसारको स्थानीय तहहरु)

प्रस्तुत विषयमा राष्ट्रिय युवा परिषदबाट युवा प्रतिभा तथा उद्यमीको खोजी र उनीहरुको कार्यलाई प्रोत्साहन कार्यक्रम अन्तर्गत ७७ वटै जिल्ला सदरमुकामका पालिकाहरुमा **उद्यम परियोजना प्रस्ताव लेखन तथा प्रस्तुतीकरण प्रतियोगिता** संचालन गर्न कार्यविधि निर्माण गरी मिति २०७५।०९।१७ मा सूचना समेत **प्रकाशन गरी ७७ वटै** जिल्लाको संलग्न लिष्ट अनुसारको पालिकालाई केन्द्र बनाई सम्बन्धित जिल्ला भरिका युवाहरुलाई सहभागी हुन पाउने गरी कार्यक्रम तय भएको युवा तथा खेलकुद मन्त्रालयको मिति २०७५।०९।२० च.न. १०३९ मार्फत जानकारी आएको हुदाँ आवश्यक समन्वयको लागि अनुरोध छ ।

**अनिल किराती**
**शाखा अधिकृत**

**बोधार्थ**
श्री सूचना तथा प्रबिधी शाखा, पत्र Website मा राखिदिनुहुन ।

नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

(..........युवा परिचालन तथा परामर्श शाखा)

पत्र संख्या : ०७५/७६

चलानी नं. : १०३९

सिंहदरबार, काठमाडौं

नेपाल ।

मिति : २०७५।०९।२०

विषयः समन्वय सम्बन्धमा ।

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा राष्ट्रिय युवा परिषद्बाट युवा प्रतिभा तथा उद्यमीको खोजी र उनीहरुको कार्यलाई प्रोत्साहन कार्यक्रम अन्तर्गत ७७ वटै जिल्ला सदरमुकामका पालिकाहरुमा **"उद्यम परियोजना प्रस्ताव लेखन तथा प्रस्तुतीकरण प्रतियोगिता"** सञ्चालन गर्न कार्यविधि निर्माण गरी मिति २०७५।९।१७ मा सूचना समेत प्रकाशन गरी ७७ जिल्लाकै संलग्न लिष्टअनुसारको पालिकाहरुलाई केन्द्र बनाई सम्बन्धित जिल्लाभरिका युवाहरु सहभागी हुन पाउने गरी कार्यक्रम तय भएकोले आवश्यक समन्वयको लागि तहाँ मार्फत पत्राचार गरिदिन राष्ट्रिय युवा परिषद्बाट पत्रको नमूना सहित यस मन्त्रालयमा अनुरोध भई आएको हुँदा आवश्यक समन्वयको लागि मिति २०७५।९।१९ को निर्णयानुसार अनुरोध छ ।

पुनश्चः सूचना तथा नमूना पत्रको प्रतिलिपी यसैसाथ संलग्न छ ।

(महेन्द्र प्रसाद पौडेल)

उपसचिव

फोन नं. :- ४२००५४२ (प्रशासन), ४२००५५३(योजना), ४२००५४५(युवा), ४२००५५०(खेलकुद), ४२००५४३(आ.प्र.)

फ्याक्स नं. ४२०००३२, इमेलः info@moys.gov.np वेभसाइटः www.moys.gov.np

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
राष्ट्रिय युवा परिषद
सानोठिमी, भक्तपुर, नेपाल
(..........................................शाखा)

प.सं.:
च.नं.:

मिति :-२०७५/०९/१७

विषय: युवा प्रतिभा खोजी र उनीहरुको कार्यमा प्रोत्साहन कार्यक्रम सञ्चालन सम्वन्धमा ।

श्री यसै साथ संलग्न सूची अनुसारका ७७ वटा पालिकाहरु

प्रस्तुत विषयमा त्यस पालिकामा युवा प्रतिभा पहिचान र उद्यमीको खोजी तथा उनीहरुको कार्यलाई प्रोत्साहन कार्यक्रम शीर्षकमा सशर्त अनुदानको रुपमा रु. ४०,००० (चालिस हजार) विनियोजन भएको व्यहोरा विदितै छ। उक्त रकमवाट युवाहरुको प्रतिभाहरुको खोजी गरी उनीहरुको कार्यलाई प्रोत्साहन गर्नुपर्ने भएकोले तपसील बमोजिम स्थानीय/जिल्ला स्तरमा कार्यक्रम सञ्चालन गरी जिल्ला स्तरमा प्रथम हुने १ (एक) जना सहभागीलाई प्रदेश स्तरमा मिति२०७५/~~०९~~ ११/१६ गते ११/१६को सञ्चालन हुने कार्यक्रममा सहभागी हुन पठाईदिनुहुन अनुरोध गरिन्छ। कार्यक्रममा सहभागी हुने सम्वन्धी सूचना र कार्यक्रम सञ्चालन गर्ने सम्वन्धी युवा प्रतिभाको खोजी र उनीहरुको कार्यलाई प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि २०७५ यस परिषद्को वेभ साईट **www.nyc.gov.np** बाट प्राप्त गर्न सकिने व्यहोरा समेत अनुरोध छ ।

<u>तपसील</u>

१. जिल्ला भरीका युवाहरुले प्रतियोगितामा भाग लिने अवसर सुनिश्चित हुने गरी सूचना गरी युवा उद्यम परियोजना प्रस्ताव लेखन र प्रस्तुतीकरण कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

२. जिल्ला स्तरको प्रतियोगिता २०७५ माघ २५ गते सम्ममा गरिसक्नुपर्नेछ ।

प.सं.:
च.नं.:

३. जिल्ला स्तरमा प्रथम हुने प्रतियोगीहरुलाई निजको परियोजना प्रस्तावको प्रमाणित प्रति तथा सफ्ट कपी सहित प्रदेश राजधानीमा २०७५ फागुन १६ गते हुने प्रदेश स्तरीय प्रतियोगितामा भाग लिन पठाउनु पर्नेछ ।

४.जिल्ला स्तरमा प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्ने प्रतियोगीलाई उचित नगद पुरस्कार तथा कार्यविधिमा तोकिएको ढाँचामा प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

५.जिल्ला स्तरको मुल्याङ्कन समिति कार्यविधिमा उल्लेख भए वमोजिम गठन गरी निष्पक्ष मूल्याङ्कनको व्यवस्था मिलाउनु पर्नेछ ।

६.यो कार्यक्रम सञ्चालन, व्यवस्थापन गर्दा लाग्ने खर्च यसै स्थानीय तहको बजेटमा शीर्षकमा विनियोजन भएको सशर्त अनुदानवाट गर्नुपर्नेछ ।

७.जिल्ला स्तरमा भएको नतिजा (प्रथम हुनेको नाम, ठेगाना, मोवाईल नं. ईमेल ठेगाना ) र जिल्ला स्तरीय कार्यक्रमको प्रतिवेदन २०७५ माघ मसान्त सम्ममा परिषद्को ईमेल info@nyc.gov.np मा उपलव्ध गराउनुपर्नेछ ।

८.सूचना यसैसाथ संलग्न गरिएको छ ।

........................

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
राष्ट्रिय युवा परिषद्
सानोठिमी, भक्तपुर

# युवा प्रतिभा पहिचान कार्यक्रममा सहभागिताका लागि निवेदन दिने सूचना

(पहिलो पटक प्रकाशित मिति :- २०७५/०९/१७)

राष्ट्रिय युवा परिषद्को आ.व. २०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम **युवा प्रतिभा तथा उद्यमीको खोजी र उनीहरूको कार्यलाई प्रोत्साहन** अन्तर्गत जिल्ला, प्रदेश र केन्द्रस्तरमा युवा प्रतिभा पहिचान कार्यक्रम अन्तर्गत **"उद्यम परियोजना प्रस्ताव लेखन तथा प्रस्तुतीकरण प्रतियोगितामा"** सहभागी हुनका लागि १६-४० वर्ष उमेर समूहमा पर्ने इच्छुक युवाले देहायअनुसार आवेदन दिनुहुनका लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि यस परिषद्को वेबसाइट www.nyc.gov.np मा हेर्नुहुन समेत सूचित गरिन्छ ।

१. **"उद्यम परियोजना प्रस्ताव लेखन तथा प्रस्तुतीकरण प्रतियोगिता "** मा आवेदन गर्ने सम्बन्धी जानकारी :

क. पेश गर्नु पर्ने कागजातहरू :- नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आफूले तयार गरेको प्रस्तावित उद्यम परियोजना सफ्ट तथा हार्ड प्रति

ख. उद्यम परियोजना प्रस्ताव पेश गर्ने तरिका :- सम्पर्क विवरण खुलेको निवेदनका साथमा प्रतियोगीको हस्ताक्षरबाट प्रमाणित गरेको नेपाली भाषामा लेखिएको उद्यम परियोजना प्रस्ताव पेश गर्नुपर्ने,

ग. पेश गर्ने स्थान र मिति :- रसुवाको लागि उत्तरगया गाउँपालिका, नवलपरासी वर्दघाट सुस्ता पूर्वको लागी गैडाकोट नगरपालिका, रुपन्देहीको लागि बुटवल उपमहानगरपालिका, रोल्पाको लागि थवाङ गाउँपालिका, दाङको लागि तुलसीपुर उपमहानगरपालिका र अन्य जिल्लाको हकमा सदरमुकाम रहेको पालिकामा २०७५ माघ १५ गते सम्म ।

घ. जिल्लास्तरको प्रतियोगिताबाट प्रथम हुने एकजनालाई प्रदेशस्तरको प्रतियोगितामा र प्रदेशस्तरको प्रतियोगितामा प्रथम, द्वितीय तृतीय हुने तीनजनालाई राष्ट्रिय स्तरको प्रतियोगितामा सहभागी गराईनेछ ।

ङ. प्रदेश र राष्ट्रिय स्तरको प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्ने प्रतियोगीलाई नगद पुरस्कार तथा प्रमाणपत्रको व्यवस्था गरिनेछ ।

च. प्रदेश र राष्ट्रिय स्तरको प्रतियोगितामा भाग लिन आउँदा जाँदाको तोकिएको दैनिक भ्रमण भत्ता तथा बस भाडा उपलब्ध गराईने छ ।

छ. उद्यम परियोजना प्रस्ताव लेखन स्वयंले लेखी टाईप गरी प्रत्येक पानामा दस्तखत गरी बुँदा नं. ग मा उल्लेखित पालिकामा बुझाउनुपर्ने छ र प्रस्तावको सारांश प्रस्तुतीकरण गर्नुपर्ने छ ।

ज. म्याद नाघी आएको र जिल्लाको प्रतियोगितामा सामेल भई नआएको प्रस्ताव स्वीकार गरिनेछैन ।

झ. यस सम्बन्धी विस्तृत जानकारी परिषदको वेबसाईटमा राखिएको युवा प्रतिभाको खोजी र उनीहरूको कार्यलाई प्रोत्साहन कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०७५ बाट प्राप्त गर्न सकिने छ ।

**२.प्रतियोगिता सञ्चालन हुने मिति र स्थान:**

- जिल्लास्तर :- २०७५ माघ २५ गते सम्ममा सूचनामा तोकिएका पालिकाहरुमा
- प्रदेशस्तर :- २०७५ फाल्गुन १६ गते, प्रदेश राजधानी (जिल्लाबाट छनोट भै आएका प्रतियोगीको सहभागिता हुनेगरी),
- केन्द्रस्तर :- २०७५ फाल्गुन २७ गते, सानोठिमी भक्तपुरमा (प्रदेशस्तरबाट छनोट भै आएका प्रतियोगीको सहभागिता हुनेगरी) ।

गोपालकृष्ण श्रेष्ठ
का.मु. प्रशासकीय प्रमुख

जिल्ला स्तरमा युवा प्रतिभा पहिचान र उद्यमीको खोजी तथा उनीहरुको कार्यलाई प्रोत्साहन कार्यक्रम अन्तर्गत उद्यम परियोजना प्रस्ताव लेखन तथा प्रस्तुतिकरण प्रतियोगिता सञ्चालन हुने पालिकाहरु

| क्र.स. | प्रदेश | जिल्ला | पालिका | कैफियत |
|---|---|---|---|---|
| १ | १ | ताप्लेजुङ | फुङ्लिङ नगरपालिका | |
| २ | १ | पाँचथर | फिदिम नगरपालिका | |
| ३ | १ | इलाम | ईलाम नगरपालिका | |
| ४ | १ | झापा | भद्रपुर नगरपालिका | |
| ५ | १ | संखुवासभा | खाँदवारी नगरपालिका | |
| ६ | १ | तेह्रथुम | म्याङलुङ नगरपालिका | |
| ७ | १ | भोजपुर | भोजपुर नगरपालिका | |
| ८ | १ | धनकुटा | धनकुटा नगरपालिका | |
| ९ | १ | सुनसरी | इनरुवा नगरपालिका | |
| १० | १ | मोरङ | विराटनगर उपमहानगरपालिका | |
| ११ | १ | सोलुखम्बु | सोलुदुधकुण्ड नगरपालिका | |
| १२ | १ | खोटाङ | दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका | |
| १३ | १ | उदयपुर | त्रियुगा नगरपालिका | |
| १४ | १ | ओखलढुङ्गा | सिद्धिचरण नगरपालिका | |
| १५ | २ | ससरी | राजविराज नगरपालिका | |
| १६ | २ | सिराहा | सिरहा नगरपालिका | |
| १७ | २ | धनुषा | जनकपुर उपमहानगरपालिका | |
| १८ | २ | महोत्तरी | जलेश्वर नगरपालिका | |
| १९ | २ | सर्लाही | मलङ्गवा नगरपालिका | |
| २० | २ | रौतहट | गौर नगरपालिका | |
| २१ | २ | बारा | कलैया उपमहानगरपालिका | |
| २२ | २ | पर्सा | वीरगञ्ज महानगरपालिका | |
| २३ | ३ | सिन्धुली | कमलामाई नगरपालिका | |

नारायणकृष्ण श्रेष्ठ
का.मु. प्रशासकीय प्रमुख

| | | | | |
|---|---|---|---|---|
| २४ | ३ | रामेछाप | मन्थली नगरपालिका | |
| २५ | ३ | दोलखा | भिमेश्वर नगरपालिका | |
| २६ | ३ | सिन्धुपाल्चोक | चौतारा सागाचोकगढी नगरपालिका | |
| २७ | ३ | रसुवा | उत्तरगया गाउँपालिका | |
| २८ | ३ | धादिङ | नीलकण्ठ नगरपालिका | |
| २९ | ३ | नुवाकोट | विदुर नगरपालिका | |
| ३० | ३ | काठमाण्डौं | काठमाण्डौं महानगरपालिका | |
| ३१ | ३ | ललितपुर | ललितपुर महानगरपालिका | |
| ३२ | ३ | भक्तपुर | भक्तपुर नगरपालिका | |
| ३३ | ३ | काभ्रेपलान्चोक | धुलिखेल नगरपालिका | |
| ३४ | ३ | मकवानपुर | हेटौंडा उप-महानगरपालिका | |
| ३५ | ३ | चितवन | भरतपुर महानगरपालिका | |
| ३६ | गण्डकी | स्याङजा | पुतलीबजार नगरपालिका | |
| ३७ | गण्डकी | तनहुँ | व्यास नगरपालिका | |
| ३८ | गण्डकी | गोरखा | गोरखा नगरपालिका | |
| ३९ | गण्डकी | मानाङ | चामे गाउँपालिका | |
| ४० | गण्डकी | लम्जुङ | बेसीशहर नगरपालिका | |
| ४१ | गण्डकी | कास्की | पोखरा लेखनाथ महानगरपालिका | |
| ४२ | गण्डकी | पर्वत | कुश्मा नगरपालिका | |
| ४३ | गण्डकी | बाग्लुङ | बाग्लुङ नगरपालिका | |
| ४४ | गण्डकी | म्याग्दी | बेनी नगरपालिका | |
| ४५ | गण्डकी | मुस्ताङ | घरपझोङ गाउँपालिका | |
| ४६ | गण्डकी | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | गैंडाकोट नगरपालिका | |
| ४७ | ५ | नवलपरासी | रामग्राम नगरपालिका | |
| ४८ | ५ | रूपन्देही | बुटवल उपमहानगरपालिका | |

नारायणकृष्ण श्रेष्ठ
प्रमुख प्रशासकीय प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ४९ | ५ | कपिलवस्तु | कपिलवस्तु नगरपालिका | |
| ५० | ५ | अर्घाखाँची | सन्धिखर्क नगरपालिका | |
| ५१ | ५ | पाल्पा | तानसेन नगरपालिका | |
| ५२ | ५ | गुल्मी | रेसुङ्गा नगरपालिका | |
| ५३ | ५ | रोल्पा | थवाङ गाउँपालिका | |
| ५४ | ५ | प्यूठान | प्यूठान नगरपालिका | |
| ५५ | ५ | दाङ | तुल्सीपुर उपमहानगरपालिका | |
| ५६ | ५ | बाँके | नेपालगञ्ज उपमहानगरपालिका | |
| ५७ | ५ | बर्दिया | गुलरिया नगरपालिका | |
| ५८ | ५ | रूकुम पूर्व | सिस्ने गाउँपालिका | |
| ५९ | कर्णाली | सुगु | छायाँनाथ रारा नगरपालिका | |
| ६० | कर्णाली | डोल्पा | ठूलीभेरी नगरपालिका | |
| ६१ | कर्णाली | हुम्ला | सिमकोट गाउँपालिका | |
| ६२ | कर्णाली | जुम्ला | चन्दननाथ नगरपालिका | |
| ६३ | कर्णाली | कालिकोट | खाँडाचक्र नगरपालिका | |
| ६४ | कर्णाली | रूकुम | मुसिकोट नगरपालिका | |
| ६५ | कर्णाली | सल्यान | शारदा नगरपालिका | |
| ६६ | कर्णाली | सुर्खेत | बीरेन्द्रनगर नगरपालिका | |
| ६७ | कर्णाली | जाजरकोट | भेरी नगरपालिका | |
| ६८ | कर्णाली | दैलेख | नारायण नगरपालिका | |
| ६९ | सुदुर पश्चिम | कैलाली | धनगढी उपमहानगरपालिका | |
| ७० | सुदुर पश्चिम | डोटी | दिपायल सिलगढी नगरपालिका | |
| ७१ | सुदुर पश्चिम | आछाम | मङ्गलसेन नगरपालिका | |
| ७२ | सुदुर पश्चिम | बाजुरा | बडिमालिका नगरपालिका | |
| ७३ | सुदुर पश्चिम | बझाङ | जयपृथ्वी नगरपालिका | |
| ७४ | सुदुर पश्चिम | दार्चुला | महाकाली नगरपालिका | |

नारायणकृष्ण श्रेष्ठ
का.मु. प्रशासकीय प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ७५ | सुदुर पश्चिम | बैतडी | दशरथचन्द नगरपालिका | |
| ७६ | सुदुर पश्चिम | डडेलधुरा | अमरगढी नगरपालिका | |
| ७७ | सुदुर पश्चिम | कञ्चनपुर | भिमदत्त नगरपालिका | |